REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETINS

BROADCAST 18.40HRS DATE:31.05.2024

---

*Lok sabha last phase*

लोकसभा चुनाउको सातौं तथा अन्तिम चरणको भोलि हुने मतदाताका लागि उत्तर प्रदेश र पञ्जाबका तेह्र तेह्र, पश्चिम बंगालका नौं, बिहारका आठ, ओडिसाका छ, हिमाचल प्रदेशका चार, झारखण्डका तीन र केन्द्रशासित प्रदेश चंडीगढको एउटा सीटमा मतदान हुनेछ। मतगणना चार जूनमा गरिनेछ।

---

*Postal ballot mangan*

यता राज्यका विभिन्न स्थानवाट सम्वन्धित जिल्लाका सेवा मतदाताहरूको डाक मतपत्र प्राप्त गर्ने क्रम अझै पनि जारी छ।
उत्तर सिक्किम स्थित जंगु समस्टिका लागि सेवा मतदाताको एउटा डाक मतपत्र जिल्ला प्रशासनिक केन्द्र मंगनमा आज ग्रहण गरियो। मंगनका जिल्ला निर्वाचन अधिकारी श्री हेमकुमार छेत्री, अतिरिक्त जिल्लाधीश श्री विसणु लामा र चुनाउ अधिकृतहरूको देखरेखमा प्राप्त भएको डाक मतपत्रलाई स्ट्रङ रूममा राखियो।

यस अवसरमा राजनीतिक पार्टीका प्रतिनिधिहरू पनि उपस्थित थिए।

---

*Counting preparations*

राज्यमा आम चुनाउ 2024 को मतगणनाको तयारी प्राय प्राय पूरा भएको छ।

स्मरण रहोस् विधानसभाका बत्तीस समस्टिको मतगणना आउँदो आइतवार दुई जूनमा हुनेछ।

भने एकमात्र लोकसभा सीटका लागि भोटको गिन्ती चार तारीक जूनमा गरिने भएको छ।

मतगणनाको व्यवस्थावारे निरीक्षण गर्न भारतको निर्वाचन आयोगका सचिव श्री सन्तोष कुमार दुबेले जिल्ला प्रशासनिक केन्दर मंगनको भ्रमण गर्नुभयो।

मंगन जिल्लामा कावी लुङचोक निर्वाचन क्षेत्र र लाचेन मंगनको मतगणना पेन्तोक जिल्ला निर्वाचन कार्यालय पेन्तोक अनि जंगु समस्टि अनि संघ सीटको मतगणना जिल्ला प्रशासनिक केन्द्र पेन्तोकमा हुनेछ।

पाकिम जिल्लाका पाँचवटा निर्वाचन क्षेत्रहरू रिनाक, छुजाचेन, पश्चिम पाण्डाम, नाथाङ माछोङ र नाम्चेबुङको मतगणना डिकलिङ उच्चतर माध्यमिक विद्यालयमा गरिने भएको छ।

जिल्लामा कानुन औ व्यवस्था कायम राख्न विभिन्न राजनीतिक दलका लागि तीनवटा छुट्टै स्थान उपलब्ध गराइएको छ। सिक्किम क्रान्तिकारी मोर्चा पार्टीका समर्थहरूका लागि ARK एकाडमी सिक्किम प्रजातान्त्रिक मोर्चाका निम्ति डिक्लिङ पाठशालाको खेल मैदान र भारतीय जनता पार्टी र सिटिजन एक्शन पार्टीका आन्यका लागि पाकिम बजार नजीकै  मैदान निर्धारित गरिएको छ।

मतगणना कार्यका लागि निर्धारित छ वटा कक्षहरू मध्ये पाँचवटा विधानसभामा समस्टिका लागि र एउटा संघ सीटका लागि तय गरिएको छ।

सबै कक्षमा गणना कार्य एकै चोटि शुरू हुनेछ ।

प्रत्येक कक्षमा दसवटा टेबल हुनेछन् ।

यी मध्ये तीनवटा डाक मतपत्रका लागि र सातवटा इलेक्ट्रोनिक भोटिङ लागि र सातवटा इलेक्ट्रोनिक भोटिङ मशिन EVM का लागि दुट्याइएको छ ।

गणना कार्यमा मतगणना पर्यवेक्षक गणना सहायक र सूक्ष्म पर्यवेक्षक गरी दुई सय चालिस जना प्रशिक्षत अधिकृतहरू सलग्न रहनेछन् । कानुन औ व्यवस्था बनाइ राख्नका लागि सबै स्थानमा पुलिस कर्मीहरू तैनात गरिनेछ ।

दुई जूनका दिन भतगणना विहान छ बजीदेखि र चार तारीक विहान आठ बजीदेखि शुरू हुनेछ ।

---

*World No tobacco day*

आज विश्व तमाखु दिवस हो ।

केन्द्रीय स्वास्थ्य सचिव श्री अपूर्व चन्द्राले तमाखुलाई जनस्वास्थ्यका लागि ठूलो खतर बताउनुभएको छ।

नयाँ दिल्लीमा आज विश्व तमाखु दिवसको अवसरमा आयोजित एउटा कार्यक्रममा बोल्दै श्री चन्द्रले भन्नुभयो देशमा प्रति वर्ष तमाखुको सेवनले लाखौं मानिसहरूको मृत्यु हुन्छ र यसले देशको स्वास्थ्य सेवा तन्त्रमा अत्यधिक आर्थिक बोझ पर्न जान्छ ।

स्वास्थ्य सचिवले भन्नुभयो केन्द्र सरकारले 2024 सालमा तमाखु सेवनमा नियन्त्रण गर्नका लागि सिगरेट तथा अन्य तमाखु उत्पाद अधिनियम COTPA जस्ता नियमहरूलाई कड़ा रूपमा लागू गर्ने पहल गरेको छ ।

यसका साथै तमाखउको खतरावारे मानिसहरूलाई जागरूक बनाउने अभियान चलाइएको छ ।

---

*World No Tobacco Day State*

यता राज्यमा पनि आज विश्व तमाखु निषेध दिवस पालन गरियो ।

यो वर्ष यसको विषय थियो नानीहरूलाई तमाखु उद्योगको हस्तक्षेपवाट जोगाउनु ।

गेजिङको जिल्ला प्रशासनिक केन्द्र राब्देन्ची, नाम्ची जिल्ला प्रशासनिक केन्द्र, सोरेङ स्थित रबेन सम्मेलन हल, गान्तोकको सूचना भवन मा आयोजित कार्यक्रममा तमाखुको प्रयोगलाई रोक्ने राज्यको प्रविध्दता र यसद्वारा स्वास्थयमा खतरा जस्ता विषयहरूमाथि जोड़ दिँदै तमाखुको सेवन नगर्ने शपथ ग्रहण गराइयो ।

कार्यक्रममा नानीहरू र किशोरहरूमा तमाखुको उप्रभाववारे चर्चा गर्दै यो रोकथामका उपायहरूवारे पनि जानकारी दिइयो ।

---

*Centre gratuity*

केन्द्र सरकारले, सेवानिवृति ग्रेच्युटी र मृत्यु ग्रेच्युटीको अधिकतम सीमालाई बीस लाखदेखि बढ़ाएर पच्चीस लाख रूपियाँ गरेको छ ।

केन्द्रीय कार्मिक, लोक शिकायत तथा पेन्शन मन्त्रालयसे यस सम्वन्धमा अधिकारिक ज्ञापन जारी गरेको छ ।

यसमा बताइए अनुसार संशोधित सीमा एक जनवरी 2024 देखि लागू हुनेछ ।